# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. खतिवडासँग डेभलपमेण्ट बैंकर्स एसोसियशनका नव नियुक्त पदाधिकारीहरूद्वारा भेट

गभर्नर डा. युवराज खतिवडासँग डेभलपमेण्ट बैंकर्स एशोसियशनका अध्यक्ष कृष्णराज लामिछानेको नेतृत्वमा आएको प्रतिनिधि मण्डलले वैशाख १५ गते भेट गऱ्यो । प्रतिनिधि मण्डलमा अध्यक्षका साथमा सचिव उमेशकुमार आचार्य र सदस्य अम्बिका श्रेष्ठको उपस्थिति थियो ।



प्रतिनिधि मण्डलले गभर्नर डा. खतिवडासमक्ष राष्ट्र बैंकले जारी गरेका संस्थागत सुशासन सम्बन्धी नीतिहरूको प्रसंशा गर्दै एशोसियशनको तर्फबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । साथै, केन्द्रीय बैंक र एशोसियशनबीचको समन्वयमा क्षेत्रीय र जिल्लास्तरीय विकास बैंकहरूलाई संस्थागत सुशासन सम्बन्धी जानकारीहरू उपलब्ध हुने किसिमका कार्यक्रमहरू संचालन गर्नका लागि आग्रह गऱ्यो ।

भेटमा गभर्नर डा. खतिवडासमक्ष गैर बैंकिङ्ग सम्पत्तिमा लाग्ने कर, बैंक ग्यारेण्टी सम्बन्धी नीतिगत समस्या, नोटकोषको लागि आवश्यक व्यवस्था, विकास बैंकहरुले वाणिज्य बैंकमा राख्ने फण्ड डिपोजिटमा आगामी श्रावणदेखि व्याज नपाउने निर्णयप्रति प्रतिनिधि मण्डलले चासो राखेको थियो ।

सोही क्रममा गभर्नर डा. खतिवडाले नेपाल राष्ट्र बैंकले अभिभावकको भूमिका निर्वाह गर्ने, अन्तर्राष्ट्रियस्तरका नियमन व्यवस्था सबै वित्तीय संस्थाहरूले पालना गर्न केही कठिन हुने भएपनि वित्तीय स्थायित्वका लागि सो आवश्यक रहेको धारणा व्यक्त गर्नु भयो ।

वित्तीय चेतना अभिवृद्धि गर्ने कार्यमा विकास बैंकको छाता संगठनको महत्वपूर्ण भूमिका रहने भएकाले यस सम्बन्धमा आवश्यक सहयोग गर्न आग्रह गर्दै काठमाण्डौं उपत्यकाबाहिर रहेका विकास बैंकहरुको संस्थागत सुशासन सम्बन्धी चेतना अभिवृद्धि गर्ने कार्यमा बैंकले सहयोग गर्ने विचार व्यक्त गर्नुभयो ।

गभर्नर डा. खतिवडाले विकास बैंकहरूले दीर्घकालीन सोँच सहित आफ्नो पूँजी सुदृढ बनाउँदै लैजानु पर्ने र यसका निम्ति आवश्यक गृहकार्य गर्दै जानु पर्नेमा जोड दिनु भयो । साथै, विकास बैंकहरूले मर्जरमा जाने विषयमा पनि ध्यान केन्द्रित गर्नुपर्ने कुरा समेत स्मरण गराउनु भयो ।

मिति २०७०।१।१६

गभर्नरको कार्यालय